# हलिया

(भूमिअधिकारबारे पढ्ने सामग्री - ५)




**- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

## के हो हलिया ?

हलो जोत्ने व्यक्तिलाई हली भनिन्छ । हुन त आफ्नो खेतबारीमा हलो जोत्ने पनि हली नै हुन तर यहाँ उल्लेख गर्न खोजिएको व्यक्तिचाहिँ आफ्नो जमिन जोत्ने नभएर अरुकहाँ जमिन जोतिदिन बस्ने हली हो । विशेषगरी मध्य तथा सुदूर पश्चिमका पहाडी जिल्लामा आफ्नो खेतबारीको काम गराउन हली राख्ने चलन निकै छ । जसलाई हलिया प्रथाको रुपमा चिनिन्छ । यस्तो प्रथा जुनसुकै नाममा किन नहोस्, मुलुकका अन्य भागमा पनि प्रचलनमा पाइन्छ ।

> **बाध्यताको परिणाम**
>
> *अछामको चाल्सा गाविसका माने कामी ३१ वर्षदेखि सोही गाविसको पदमसिंह थापाकहाँ हली बसेका छन् । अहिले उनी वृद्ध भएर काम गर्न नसकेकाले छोरालाई पनि सँगै हली राखेका छन् । आफूचाहिँ अन्य विकल्प नभएकाले थापाकै घरमा रेखदेख र सामान्य स्याहारसुसारको काम गर्छन् ।*

कमैयासँग मेल खाने यो प्रथाबारे खासै गहिरो अध्ययन/अनुसन्धान भइसकेको छैन । त्यसैले कुन जिल्लामा कति हली छन् भन्ने तथ्यांक कतै पनि छैन । अध्ययन नभएकै कारण यिनीहरुले जिउनु परिरहेको तल्लो दर्जाको जीवनस्तरबारे पनि त्यति प्रचार-प्रसार हुन सकेको छैन ।

अन्यत्र पनि हलिया प्रथा छ तर मध्य तथा सुदूर पश्चिमका विकट इलाकामा काम गर्ने हलीले निकै कष्टकर जीवन व्यतीत गर्नुपरिरहेको जानकारी बेलाबेलामा सार्वजनिक हुने गरेका छन् । मुलुकभर हलीको



संख्या करिब ३ लाख भएको अनुमान छ । सुदूरपश्चिममा मात्र यस्तो संख्या ६० हजारको हाराहारीमा छ ।

हलियाको सवाल सोझै जमीनसँग गाँसिएको छ । यदि उनीहरुसँग जमिन हुने हो भने हलियाको रुपमा बस्नुपर्ने थिएन । यसरी जमीन नभएर हलिया बस्न बाध्य हुनेमा सबैजसो दलित नै छन् । उनीहरुले प्रत्यक्षरुपमा २ किसिमका श्रम शोषण बेहोर्नु परिपरेको छ । हलियाको रुपमा साहूको शोषण खेप्न उनीहरु बाध्य छन् भने अर्कोतर्फ त्यससँगै जातीय छुवाछुत ।

## कसरी शुरु भयो यो प्रथा ?

हलिया र कमैया प्रथा निकै हदसम्म मेल खान्छ । कमैया प्रथा तराइमा केन्द्रित रह्यो भने हलियाचाहिँ पहाडी इलाकामा केन्द्रित भएको पाइन्छ । आफ्ना थुप्रै पाखो जमिन जोत्ने/खन्ने प्रयोजनका लागि पहाडे जमिन्दारले हली राख्ने गरेका पाइन्छ । तर यो प्रथा पनि कमैया जस्तै कहिलेदेखि र कहाँबाट शुरु भयो भन्ने एकिन जानकारी कतै पाइन्न ।

दरिद्री र गरिबीले सताइएका गाउँका निमुखा तथा पिछडिएका व्यक्ति नै हली बस्ने वर्गमा पर्छन् । उनीहरुको दरिद्रताको फाइदा उठाउँदै मालिकले निगाहा गर्ने केही सय वा हजार ऋण नै ऊ हलीको बन्धनमा बाँधिने प्रमुख कारण बन्न पुग्छ । यसरी ऋण लिएवापत उसले वर्षौं वा पुस्तौं मालिककहाँ हलो जोत्नुपर्छ तर कमैया प्रथामा जस्तै यसमा पनि उसको ऋण भने घट्दैन । किनकि यो काम भनेको उसले ऋणको ब्याजवापत मात्र



गरिदिएको हो ।

ब्याजवापत मात्र काम गर्नुपर्ने र अरु आयआर्जनका लागि बाहिर काम गर्न जान पनि नपाउने कारण हलीले थप आय गर्ने सम्भावना हुँदैन । त्यसैले मालिकको ऋण तिर्ने वा घटाउँदै जाने सम्भावना नै हुँदैन । यस्तो अवस्थाले हलीलाई पनि बाँधा मजदूर बनाएको छ । त्यसैले कोही हली उमेर पुगेर वा अरु कुनै कारणले मऱ्यो वा अन्यत्र गयो भने त्यसको ठाउँमा उसले आफ्नो छोरो वा कोही उत्तराधिकारी राखिदिनैपर्छ । नत्र जान पाउँदैन । यसरी हलिया प्रथा पुस्तौंदेखि बाबुबाजेबाट छोरा नातिमा सर्ने गर्छ ।

कसैकसैले मालिकबाट केही जमिन जोत्न पाएवापत पनि यसरी हली बस्ने गरेका छन् । यी दुवै कारणबाट हली बस्नेहरुले न मालिकसँग केही पारिश्रमिक माग्छन्, न उसले नै केही दिन्छ । केवल खान र एकाध जोर जडौरी लुगाका भरमा उसले जमिन जोतिदिनुपर्छ । यसो गर्नुलाई मालिक र समाज त के, हली स्वयंले पनि आफूमाथि अन्याय भइरहेको रुपमा लिँदैन, किनकि यसलाई प्रथाको रुपमा हेर्ने र चलिआएको परम्परा ठान्ने सोच सबैमा विकसित भइसकेको पाइन्छ ।

यिनीहरुले जोतिनुपर्ने समयको पनि कुनै सीमा हुँदैन । हुन त आफ्नै केही जमिन भएका व्यक्ति पनि खान नपुगेका कारण हली बस्ने गर्छन् । तर खेतिपातीको मौसममा मालिककै काम सिध्याउनुपर्ने भएकाले आफ्नो खेतीमा ध्यान दिन पाउँदैनन् । मालिकको खेती सिध्याएर आफ्ना टुक्राटुक्रीमा बाली लगाउँदा त्यसबाट खासै उब्जनी हुन सक्दैन । जसले गर्दा उनीहरुको खेती हुनु र नहुनुको कुनै अर्थ रहँदैन । यसले उनीहरुलाई सधैं गरीब बनाइरहन पनि मद्दत गर्छ ।

### पुस्तौंसम्म नसिद्धिने शोषण

*दशरथ चन्द नगरपालिका–६, भोडाका ३८ वर्षीय हरिराम पहरी स्थानीय जमिनदारकहाँ हली बसेका छन् । उनका बाबु र बाजे पनि यसरी नै हली बसेका थिए । बाजे दिलराम पहरीले ४ सय ५० रुपैयाँ ऋण लिएको र त्यसैवापत बाजे, बाबु र आफूले तीन पुस्ता काम गरेको हरिरामको भनाइ छ ।*

*उनी दिनभर साहूकहाँ जोत्छन् भने महिला र बालबच्चाले दाउरा खोज्ने, मेलापात आदिको काम गर्नुपर्छ । लिएको भनिएको ऋण चुक्ता गर्न खोज्दा जमिनदारले लिन नमानेको भनाइ पनि उनको छ ।*



यसरी हेर्दा यो प्रथाका मुख्य दुई हाँगा देखिन्छ । एकथरि पूरै समय जग्गावालाकहाँ बस्ने/काम गर्ने र खाने गर्छन् भने अर्कोथरि चाहिँ कामका बेला मात्र जाने गर्छन् । जमिनदारकहाँ नै बस्नेले करिब करिब बाँधा जस्तै जीवन व्यतीत गरिरहेको हुन्छ भने तुलनात्मकरुपमा आंशिक समय काम गर्नेले केही स्वतन्त्रता पाएको हुन्छ ।

आफ्नो जमिन आफैं जोत्न नसक्ने र जोत्नेलाई उचित पारिश्रमिक पनि दिन नसक्नेले हलिया प्रथालाई बढावा दिँदै आएका छन् । एकातर्फ कसैको जमिन धेरै भएर गर्ने मानिस नहुने र अर्कोतर्फ कोही भने गरिखाने जमिनको अभावमा कामका लागि तड्पिइरहने अवस्थाले यी पहाडी क्षेत्रमा हलिया प्रथालाई अनिवार्य जस्तै बनाइदियो । यही अवस्था हो, जसले हलिया जस्तो घृणित र शोषित प्रथालाई संस्कृति बनाइदियो । हलिया बस्ने र राख्ने दुवैले यसलाई परम्पराका रुपमा विकसित गराउन मद्दत पुऱ्याए । त्यसमा पनि हलिया बस्ने काम दलितको हो र अरु ठूला जाति भनिनेले हलो जोत्न हुन्न भन्ने मान्यतालाई पनि परम्परासँग जोडेर लगियो ।

बझाङस्थित सामाजिक विकास समूहले जिल्लाका २३ गाउँ विकास समितिमा हलियासम्बन्धी एउटा अध्ययन गरेको थियो । जसअनुसार अहिले हली बसेर मालिकको जमिन जोतिरहेकामध्ये ५ जनाले मात्र १ सयदेखि ३ हजार रुपैयाँ ऋण लिएका थिए । जसको व्याजस्वरुप उनीहरुले वर्षौंदेखि जमिन जोत्दै आएका छन् ।

दरिद्रताका कारण खानकै लागि मात्र हली बस्ने पनि थुप्रै भेटिन्छन् । खेतबारी जोत्ने काम सिजनमा मात्र हुने भएकाले सिजन नभएका बेला मालिकले उनीहरुलाई राख्ने आँट गर्दैनन् । त्यसैले बेसिजनमा खान पाइन्छ भनेर अरु बेला सित्तैंमा काम गरिदिन बाध्य हली पनि भेटिएका छन् । नेपाल राष्ट्रिय दलित समाज कल्याण संघले सुदूरपश्चिमका बाजुरा र अछामबाहेकका ७ जिल्लामा गरेको एक सर्वेक्षणले यी क्षेत्रमा ५ हजार १ सय ७६ जना हली बसेको र उनीहरुमा आश्रित परिवार संख्या १५ हजार २ सय ५२ रहेको उल्लेख गरेको छ ।

## के फरक छ कमैया र हलीमा ?

हलिया प्रथा कमैया प्रथाभन्दा पनि तल्लो स्तरको मानिन्छ । कमैया प्रथामा खाने/बस्ने कुरा निश्चित हुन्छ भने हलियामा त्यो हुँदैन । सिजनमा मात्र यिनीहरुलाई साहूले बोलावट गर्छ र अरु बेला खाने/बस्ने जस्ता सबै समस्या आफैंले समाधान गर्नुपर्छ ।

अर्कोतर्फ मालिकले खेतीका लागि अरु पनि खेताला बोलाएको छ भने त्यो दिन हलीले पनि उनीहरुसँगै खाजा तथा खाना खान पाउँछ तर ऊ एक्लै छ भने खाजा/खाना केही पाउँदैन । हलीलाई अरु काम पनि लगाइन्छ तर यसको ज्याला पाउने वा नपाउने भन्नेबारे निर्णयचाहिँ जमिनदारको मुडमा भर पर्छ ।

कमैया प्रायः थारु जातिका हुने भएकाले यिनीहरु मालिकको घरमा भित्र पस्न र घरभित्रका काम गर्न स्वतन्त्र हुन्छन् तर हलिया त यस्तो हैसियत पनि राख्दैनन् । किनकि जसरी कमैया बस्ने सबैजसो थारु जातिका हुन्छन्, त्यसरी नै हलिया बस्ने प्रायः दलित जातिका हुन्छन् । त्यसैले हलीले कमैयाको जस्तो जीवन पनि यापन गर्न सकिरहेको हुँदैन । दलित भएकै कारण हलीले छोएको पानीसमेत ठूला जातका लागि चल्दैन । यस अर्थमा हलिया प्रथा कमैया प्रथाभन्दा पनि पीडादायी र दर्दनाक छ तर सरकारी तथा गैरसरकारीतर्फबाट यही प्रथामाथि अरु त परै जाओस्, अध्ययनसमेत हुन सकेको छैन ।

सामाजिक विकास समूहकै अध्ययनअनुसार बझाङको मेलबिसौना गाविसमा





९ परिवार हली बसेका छन् । तीमध्ये सबै दलित छन् । यसले पनि देखाउँछ कि हलिया भनेकै दलित हुन । माथिल्लो जातिले हलो जोत्न नहुने अहं समाजमा विद्यमान रहेका कारण पनि दलितलाई हलो जोत्ने प्रयोजनका लागि पहिलेदेखि नै प्रयोग गरिएको पाइन्छ ।

३ सय ५२ जनालाई अध्ययनमा समेटेको यो प्रतिवेदनले अर्को दर्दनाक पाटो पनि फेला पारेको थियो । जसअनुसार ५० जना हली त ५० वर्ष पार गरेका थिए । जबकि बझाङ जस्ता दुर्गम र विपन्न जिल्लाको औसत सरदर आयु पनि ५० वर्ष छैन । त्यसैले ३५-३६ वर्षमै बूढो भइसक्नुपर्ने अवस्थाका व्यक्ति ५० वर्ष नाघिसक्दा पनि हली बस्न बाध्य छन् भने तिनको जति पीडादायी जीवन अरु कसको होला, सहजै अनुमान गर्न सकिन्छ ।

हली बस्नुपर्ने बाध्यताले यिनीहरुको समग्र जीवनचर्या नै अन्धकारमा धकेलिएको छ । एन्टीस्लेभरी इन्टरनेशनलद्वारा बैतडीका हलीबीच गरिएको एक अध्ययनअनुसार २४०८ मध्ये ४०५ जना मात्र साक्षर पाइनुले उनीहरु आधुनिक जमानामा पनि कति पछाडि धकेलिएका छन् भन्ने प्रष्ट्याउँछ । ५७ प्रतिशत हली त अक्षरसम्म नचिन्ने अवस्थाका भएको यो अध्ययनले पाएको थियो ।

**कहिल्यै नचुक्तिने गजबको ऋण**

*भवानी गाविस, बैतडीका भानिराम लावड अहिले ६४ वर्षका भए । उनका बाबु कालुरामले वि.सं. १९९२ मा दुर्गा भवानी गाविसका एक जमिनदारसँग जमिन जोत्ने शर्तमा जम्मा ७५ रुपैयाँ ऋण लिएका थिए । त्यतिबेलैदेखि बाबु त हली बसे बसे, उनको मृत्युपछि भानिराम पनि हली बसेका बस्यै छन् । उनले जोत्नेबाहेक अन्य काम पनि गरिदिनुपर्छ तर पनि यो ७५ रुपैयाँ ऋण भने कहिल्यै चुक्ता हुन सकेको छैन ।*

६५.८३ प्रतिशत हलीले आफूलाई खानै नपुगेका कारण हली बस्नुपरेको र मालिकसँग खानकै लागि ऋण थपिरहनुपर्ने बाध्यता उल्लेख गरेका थिए । त्यस क्रममा उनीहरुले बैंकभन्दा ६-७ गुनासम्म बढी ब्याज तिर्नुपरेको पनि बताएका थिए । तर पनि उनीहरुसँग साहूप्रति खासै गुनासो पाइन्न किनकि जतिसुकै ब्याजमा होस्, अप्ठ्यारो परेका बेला ऋण दिएर गुन

लगाएको मानसिकता उनीहरुले संगालेका थिए ।

अझ साहू महाजनको घर कुरेर बस्ने कुरिया, काम गर्न राखिएका नोकर आदिको जीवनचर्या अझ दयनीय छ । आफ्नो विवेकले केही गर्न नसक्ने र मानिस भएर पनि मेसिनको काम गर्न बाध्य यिनीहरुको जीवन कहिले सार्थक बन्ने हो ? कसैलाई थाहा छैन । कुरिया र कमाराकमारी बस्नेले पनि साहूसँग केही रकम ऋण लिएको हुने गर्छ ।

सरकारी तवरबाट २०४१ सालमा पश्चिम नेपालका सुर्खेत, डडेलधुरा, कैलाली, कन्चनपुरलगायत्का जिल्लामा एउटा सर्वेक्षण भएको पाइन्छ । 'बाँधा मजदूर : एक अध्ययन' नामको उक्त प्रतिवेदनले पनि हलीलाई कमैयाभन्दा पनि तल्लो स्तरको जीवनयापन गर्ने सूचीमा राखेका पाइन्छ । खासगरी छोराको बिहे गर्दा केटीका बाबुलाई माग गरेजति रकम दिनुपर्ने र त्यस्तो रकमका लागि ऋण लिनुपर्दा धेरै सार्की जातिका मानिस हली बस्न बाध्य भएको स्थिति पनि अध्ययनले दर्शाएको छ । त्यसैगरी आफ्नो बिहेमा खर्च भएको रकम तिर्न नसकेर बिहेलगत्तै हली बस्ने युवाहरुको संख्या पनि उल्लेख्य पाइन्छ ।

## कानूनी व्यवस्था

नेपालमा हलियासम्बन्धी छुट्टै कानून छैन । तर भएका कानूनभित्रै हलिया प्रथा नियन्त्रण गर्न तथा यसविरुद्ध काम कारबाही गर्नेलाई सजाय दिन सकिने अवस्था भने विद्यमान छ ।

नेपाल अधिराज्यको संविधान २०४७ र यस अन्तर्गतका कानूनले रोजगारीमा अनिवार्यतालाई सजायको विषय बनाएको छ । त्यसैगरी बलपूर्वक वा बाध्यकारी श्रमलाई पनि निशेष गरेको छ । अझ महत्वपूर्ण कुरा त के हो भने सबै नेपालीलाई यो संविधानले मानव अधिकारको प्रत्याभूति निश्चित गरेको छ जबकि बाँधा वा कसैको जबर्जस्ती अधिनमा रहेका बेला यस्तो अधिकार सम्भव हुनै सक्दैन ।

ऋण दिएर उसलाई आफ्नो कब्जामा बनाउनु सोझै बेचबिखनको सवाल हो । त्यसैले जीउ मास्ने/बेच्ने नियन्त्रण ऐनअन्तर्गत हली राख्ने र शोषण गर्नेलाई कारबाही चलाउन सकिन्छ । त्यसैगरी श्रम ऐनले आफूले काम गरेवापत उचित ज्याला दाबी गर्न सकिने स्थिति निर्माण गरेको छ ।

त्यसैगरी सरकारी मुद्दासम्बन्धी ऐनअनुसार पनि बाँधा राखेकोसम्बन्धी मुद्दा



जिल्ला अदालतले हेर्न सक्ने व्यवस्था छ । विभिन्न अन्य कानूनले पनि सोझै हली वा हलियाको नाम नलिए पनि यस्तो कार्य वा प्रथाविरुद्ध कारबाही गर्न सक्ने अधिकार न्याय सम्पादनकर्तालाई दिएका छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, दासत्व अभिसन्धि, बाध्यकारी श्रम अभिसन्धि जस्ता थुप्रै अन्तर्राष्ट्रिय कानून, सन्धि/अभिसन्धि आदिले पनि दासत्व, बाँधाश्रम आदिलाई निशेष गरेका छन् । नेपालकै कानूनसरह मान्यता प्राप्त हुने यी सन्धि नेपालले अनुमोदन गरिसके पनि कार्यान्वयनमा नआउँदा समस्या सुल्झिन सकेको छैन ।

कमैया मुक्तिको घोषणापछि सरकारले कमैया श्रम (निशेष गर्ने) ऐन जारी गरेको छ । जसमा कमैया श्रमिक भन्नाले भैसवार, गैवार, गोठालो, कमलरिया आदिसँगै हलीलाई पनि समेटिएको छ । यो ऐनअनुसार हली पनि कमैयासँगै मुक्त भइसकेको हुनुपर्ने हो । तर न हली मुक्त भएका छन्, न हली पनि मुक्त भइसकेको प्रचारप्रसार सरकारी/गैरसरकारी संस्थाले नै गर्न सकेका छन् । कमैयाका लागि मात्र पुनर्स्थापना कार्यक्रम अघि सार्नुले सरकारी पक्ष पनि हली मुक्त भएको हो कि होइन भन्ने द्विविधामा परेको अनुमान लगाउन सकिन्छ ।

## गर्न के सकिन्छ ?

१) कमैया श्रम (निषेध गर्ने) ऐन लागू गर्ने, यो ऐनले हलिया प्रथा पनि मुक्त भएको उल्लेख गरेकाले यसलाई सम्बन्धित क्षेत्रमा व्यापक प्रचार प्रसार गराउने, ताकि यसप्रति उनीहरुमा जागरण आओस् ।

२) हलीको संख्या, स्थिति आदिबारे विस्तृत अध्ययन गर्ने

३) अध्ययनका आधारमा हलीको उचित पुनर्स्थापना कार्यक्रम ल्याउने

४) हली राख्नेलाई कारबाही गर्ने

५) हली बसिरहेका साहूको जग्गा हलीकै नाममा दर्ता गर्ने तथा हलीले जोतेको साहूको जमिनमा मोहियानी हक दिलाएर त्यसबाटै उसलाई जमिन उपलब्ध गराउने व्यवस्था गर्ने । यसो गर्दा कमैयाले जस्तो जमिन नपाउने विवाद आउन पाउँदैन ।

हलियालाई मुक्त गरी जमिनसहित
पुनर्स्थापना गरियोस् ।

नेपालमा व्यवस्थितरूपमा भूमिसुधार कार्यक्रम लागू भएको ४२ वर्ष बितेको छ । तर पनि भूमिसँग जोडिएका दर्जनौ समस्या अहिले पनि जस्ताका तस्तै छन् । हदबन्दी लागू भएको छैन, बनेका कानून लागू भएका छैनन्, यस्तो अवस्थाबाट यही मुलुकमा बसोबास गर्ने लाखौं जनताले भूमिअधिकारबाट वञ्चित भइरहनुपरेको छ ।

यस्तो अवस्थाबीच एक दशकदेखि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र भूमिअधिकारको सवालमा कार्यरत् छ । यही क्रममा भूमिसम्बन्धी पढ्ने सामग्रीको अभाव सर्वत्र महसुस हुन पुग्यो । त्यसैले भूमिसम्बन्धमा चासो राख्नेहरूका लागि उपयोगी हुन सकोस् भनेर यो सामग्री तयार पारिएको छ ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
**पो.ब.नं. १९७९०, काठमाडौं, नेपाल, फोन** : ९७७-१-४३६०४८६
E-mail: landrights@csrcnepal.org
Website: www.csrcnepal.org